# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

च.नं.
प.सं.

मिती २०८३/०३/३२

सूचना !!!

**सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०८२ को दफा ७ बमोजिम आर्थिक वर्ष २०८३/०८४ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि चालु आर्थिक वर्ष २०८२/०८३ मा यस बर्दघाट नगरपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका सम्पूर्ण लाभग्राहीहरूले अनिवार्य रूपमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधी, २०८२ को अनुसूची-३ बमोजिमको ढाँचामा सामाजिक सुरक्षा भत्ता नवीकरण गराउनुपर्ने भएकाले यो सूचना प्रकाशित गरिएको छ।

अतः सम्बन्धित सबै लाभग्राहीहरूले २०८३ साल श्रावण १ गते देखि २०८३ साल असोज मसान्तसम्म आफ्नो स्थायी बसोबास रहेको सम्बन्धित वडा कार्यालयमा उपस्थित भई सामाजिक सुरक्षा भत्ता नवीकरण गर्नु गराउनुहुन अनुरोध गरिन्छ।

**नवीकरणका लागि आवश्यक कागजातहरू :**

१. सामाजिक सुरक्षा परिचयपत्र
२. नेपाली नागरिकताको प्रमाणपत्र
३. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो (२ थान)
४. राष्ट्रिय परिचयपत्र (१६ बर्ष उमेर पुरा नभएका बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त तथा ९० बर्ष माथिका जेष्ठ नागरिकहरुलाई अनिवार्य नभएको)
५. वडा कार्यालयले आवश्यक ठानेका अन्य कागजातहरू

**विशेष जानकारी :**

- तोकिएको अवधि भित्र नवीकरण नगराएका लाभग्राहीहरू आगामी आर्थिक वर्ष २०८३/०८४ को सामाजिक सुरक्षा भत्ता वितरण प्रक्रियामा समावेश हुन नसक्ने नयाँ प्रकृयाबाट सुरु गर्नुपर्ने भएकाले समयमै नवीकरण गर्नु/ गराउनुहुन अनुरोध छ।
- थप जानकारीका लागि सम्बन्धित वडा कार्यालय वा बर्दघाट नगरपालिकाको पञ्जीकरण तथा सामाजिक सुरक्षा शाखामा सम्पर्क गर्न सकिनेछ।

प्रमुख प्रशासकीय अधिकृत